# प्रदेश सरकार
## प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
## बुटवल, नेपाल

पत्र सख्या : ०७६/७७
चलानी नं.: ९८८२

मितिः २०७६।०८।२४

विषयः एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमका लागि व्यावसायिक परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालयको आ.ब. २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि यस प्रदेश अन्तर्गतका प्राविधिक धार सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालय तथा अन्य सामुदायिक माध्यमिक विद्यालयहरुलाई तोकिएको ढाँचामा विवरण भरी तपशील अनुसारका विवरण तथा कागजातहरुसहित सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस मन्त्रालयमा व्यावसायिक परियोजना प्रस्तावना पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपशील</u>

१. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनको व्यावसायिक परियोजना प्रस्ताव ।
२. उद्यम सञ्चालनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालयका शिक्षक स्टाफ तथा सम्बन्धित स्थानीय तहको प्रतिवद्धता पत्र ।
३. उद्यम कोष स्थापना भएको प्रमाण पत्रको प्रतिलिपी ।
४. उद्यमी विद्यार्थी क्लव गठनको निर्णयको प्रतिलिपी र क्लवका पदाधिकारीको विवरण ।
५. पूर्व विद्यार्थी मञ्च गठन भएको निर्णयको प्रतिलिपी र मञ्चका पदाधिकारीको विवरण ।
६. विद्यालयमा कार्यरत शिक्षक स्टाफहरुको विवरण ।
७. विद्यालयमा सञ्चालित कक्षा र ती कक्षाहरुमा अध्ययनरत विद्यार्थी विवरण ।
८. पछिल्लो तीन शैक्षिक शत्रको शैक्षिक उपलब्धि विवरण ।
९. विद्यालयको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी ।
१०. उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु तथा यस कार्यक्रम सम्बन्धी अन्य व्यवस्था मन्त्रालयको वेबसाइट www.mosd.p5.gov.np बाट एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ डाउनलोड गरी हेर्न सकिने छ ।

नोटः यस कार्यक्रमका लागि प्रस्ताव पेश भएका विद्यालयहरु मध्येबाट एउटा विद्यालय छनौट गरिने छ ।

विष्णु प्रसाद पन्थी
शाखा अधिकृत